# Importance of Library & Public Library

## पुस्तकालयको महत्व र सार्वजनिक पुस्तकालय

- दिलीप मान स्थापित

कुनै पनि देशले तब मात्रै उन्नति र प्रगति गर्न सक्दछ जब त्यस देशका प्रत्येक जनतामा उन्नतितिर अग्रसर हुने प्रवल इच्छा र चाहना हुन्छ । मानिसले ज्ञान आर्जन शिक्षित भएमा मात्र गर्न सक्दछ । शिक्षित भएकै खण्डमा मानिसले विभिन्न विषयहरुमा गहिरो अध्ययन गरी प्रगतिको मार्गमा पुग्न सक्दछ । अध्ययनबाटै मानिसमा ज्ञान र बुद्धिको विकास हुन्छ । अज्ञानता सबै दुर्गुण र खराब आचरणको जरो हो र अज्ञानता भन्दा ठूलो दुर्गुण अन्य कुनै यस संसारमा हुँदैनन् । यसकारण युनानका प्रसिद्ध दार्शनिक प्लेटोले अज्ञानतामा रहनु भन्दा जन्म नै नलिनु वेश भनेका थिए । यसबाट भन्न सकिन्छ कि देशको सर्वाङ्गीण पक्षको विकासको मुख्य आधारशिला नै बौद्धिक विकास हो र बौद्धिक विकासमा शिक्षण संस्था एवं पुस्तकालयले विशेष र महत्वपूर्ण भूमिका खेलीरहेको हुन्छ ।

शिक्षाको परिवर्तित आधुनिक सोचाई अनुरुप शिक्षण संस्था एवं शिक्षकहरुले विद्यार्थीहरुलाई अध्ययन तर्फ उन्मुख र रुची उत्पन्न गराउनुको साथै पथ प्रदर्शक र सहयोगीको भूमिका निर्वाह गर्दछन् भने पुस्तकालयले पाठकहरुको जिज्ञासा अनुसार सबै प्रकारका सूचना, पाठ्य सामग्री, ज्ञान एवं बौद्धिक सामग्रीहरु संकलन र उपलब्ध गराई बौद्धिक एवं देशको चौतर्फी विकासमा मुख्य एवं महत्वपूर्ण भूमिका निवार्ह गर्दछन् । शिक्षण संस्थाले निर्धारित पाठ्यक्रमको माध्यमले निर्धारित विषयको ज्ञान दिलाउने कार्य गर्दछन् तर शिक्षण संस्थाको प्रयोग विद्यार्थीहरुले बाहेक अन्य सर्वसाधारण जनताले गर्न पाउँदैन । विश्वमा दिनहूँ विभिन्न विषयका ज्ञानबर्द्धक र सुचनामूलक पाठ्य सामग्रीहरुको उत्पादन भैरहेक हुन्छन्, यी विभिन्न विषयका सबै ज्ञानबर्द्धक र सूचनामूलक पाठ्य सामग्रीहरु सर्वसाधारणका साथै र धनी सम्पन्न व्यक्तिहरुले पनि आफ्नो प्रयोगको लागि खरिद गरी संकलन गरी राख्न सम्भव हुँदैन । यस्तो अवस्थामा ज्ञानका भोका व्यक्तिहरुले पुस्तकालयको शरणमा जानुपर्ने हुन्छ र पुस्तकालयको सहयोग विना ज्ञानको साथै शिक्षण प्रशिक्षण र अनुसन्धान कार्यमा सफलता हासिल गर्न नसक्नुका साथै शिक्षण संस्थाका प्रतिभाशाली विद्यार्थीहरुले पनि पुस्तकालयमा उपलब्ध पाठ्यक्रम भित्रका र पाठ्यक्रकमा समावेश नभएका विभिन्न विषयका ज्ञानबर्द्धक र सूचनाबर्द्धक सामग्रीहरुको अध्ययनबाटै आफ्नो शैक्षिक ज्ञानको साथै अन्य विभिन्न विषयका बौद्धिक ज्ञान र ज्ञानबर्द्धक सूचना हासिल गर्ने गर्दछन् । किनकी शिक्षण संस्थाबाट पाउने ज्ञानभन्दा पुस्तकालयबाट पाउने ज्ञान र शिक्षा बढी

व्यापक र गहिरो हुनाको साथै पुस्तकालयले शिक्षाको गुणस्तर कायम राख्नमा टेवा र योगदान पुर्‍याई रहेका हुन्छन् ।

ज्ञान र विद्या मानिसको सर्वोच्च शक्ति हो भने पुस्तकालय ज्ञान र विद्याको भण्डार हो । सरस्वतीको मन्दिर हो । समाजशास्त्रीहरुको भनाई अनुसार पुस्तकालय भनेको शिक्षासित सम्बन्धित एक सामाजिक संस्था हो जसले समाजका हरेक व्यक्तिलाई स्वाध्यायन तर्फ उन्मुख गराउादछ । साधारणतया पुस्तकालय भन्नाले त्यस स्थानलाई जनाउादछ जहाा सबै प्रकारका ज्ञानबर्द्धक सूचनामूलक थुप्रै सामग्रीहरु संकलन गरिएको हुन्छ र त्यस स्थानबाट देशका सबै स्तरका मानिसले त्यहा उपलब्ध ज्ञानबर्द्धक सामग्रीहरु सजिलो र सरल तरिकाले प्रयोग गर्न पाउादछन् । यसको साथै पुस्तकालयहरुको माध्यमबाटै कुनै पनि देशको शैक्षिक अवस्थाबारे थाह पाउन पनि मद्दत पुग्दछ । किनकी शिक्षाको  विकास भएको देशमा प्रशस्त पुस्तकालयहरु हुन्छन् ।

हुन त आजको आधुनिक युगमा सबै प्रकारका शिक्षण संस्थाहरुमा सानो वा ठूलो रुपमा पुस्तकालयको व्यवस्था भएको पाइन्छ भने सरकारी कार्यालय र सरकारको विभिन्न आङ्गिक संस्थाहरुमा पनि पुस्तकालयको व्यवस्था भएको पाइन्छ । यस्ता पुस्तकालयहरुको तुलनामा जनस्तरबाट संचालित सार्वजनिक पुस्तकालयको महत्व केही नभएको जस्तो देखिएता पनि सार्वजनिक पुस्तकालयले जनचेतना जगाउन, स्थानीय व्यक्तिहरुको बौद्धिकस्तर उकास्न र बौद्धिक जागरण ल्याउनमा विशेष भूमिका खेलिरहेका हुन्छन् । किनकी संकलन र स्रोतको साथै सानो क्षेत्रको भएपनि सार्वजनिक पुस्तकालयको स्थापना हुनु भनेको नै स्थानीय जनतामा आएको जनचेतना एवं बौद्धिक विकासको प्रतिक हो । यसको साथै सार्वजनिक पुस्तकालयले देश र समाजका सबै प्रकारका जनतालाई समान रुपले शिक्षा हासिल गर्न, बौद्धिक विकास गर्नमा सहयोग गरी शिक्षाको प्रचारमा महत्वपूर्ण योगदान दिईरहेका हुन्छन् । किनकी विद्यालय, विश्वविद्यालय र संघसंस्थाको पुस्तकालयहरुले झैं कुनै निश्चित योग्यता पुगेका र निश्चित अवधिको लागि मात्र प्रयोग गर्न दिने नभई सार्वजनिक पुस्तकालयहरुले विना भेदभाव र समान रुपले साधैंको लागि आफ्नो संकलनमा भएका ज्ञान सामग्रीहरुको प्रयोग गर्न दिनुका साथै आफ्नो संकलनमा नभएका सूचनाहरु पनि उपलब्ध गराउनमा सहयोग गर्दछन् । यसकारण पुस्तकालयलाई प्राज्ञिक गतिविधि जस्तै अध्ययन, अध्यापन, अन्वेषणको मुटु एवं सर्वाङ्गिण विकासको लागि एक अपरिहार्य संस्थाको रुपमा लिने गरिन्छ भने कसैले पुस्तकालयलाई सार्वजनिक पाठशालाको रुपमा पनि लिएको पाइन्छ ।

नेपालमा पुस्तकालयको विकासको तथ्य इतिहासबाट थाहा पाउन कठिन भएतापनि राणाकालमा केही राणा प्रधानमन्त्री एवं व्यक्तिहरुले व्यक्तिगत प्रयोगका लागि पाठ्य सामग्रीहरु संकलन गरेका थिए जुन अहिले केशर पुस्तकालय, मदन पुरस्कार पुस्तकालय, नेपाल राष्ट्रिय पुस्तकालयको रुपमा विद्यमान छन् । राणा कालमा सार्वजनिक स्तरबाट पनि पुस्तकालयको स्थापनाको लागि प्रयास भएका थिए तर निरंकुश राणा शासकहरुले सार्वजनिक पुस्तकालय स्थापना गर्न नदिनुका साथै पुस्तकालय खोल्नमा लागेकाहरुलाई कडा रुपले दमन गरेको कुरा नेपालको इतिहासबाट थाहा पाउन सकिन्छ । राणा प्रधानमन्त्री पद्म शम्शेरले जनक्रान्तिको डरले यस तर्फ केही खुकुलोपनको साथै नरमपन देखाएकाले त्यसबेलाका उत्साही युवकहरुको प्रयासबाट काठमाडौं भित्र र बाहिर विभिन्न स्थानमा केही सार्वजनिक पुस्तकालयहरुको स्थापन भएको थियो । यसमा वि.सं. २००३ सालमा काठमाडौंमा स्थापना भएको प्रदिप्त पुस्तकालय, २००३ सालमा ललितपुरमा स्थापना भएको शारदा पुस्तकालय, २००३ सालमा स्थापना भएको पाल्पाको धवल पुस्तकालय, २००४ सालमा वुटवलमा स्थापना भएको महावीर पुस्तकालय आदिलाई लिन सकिन्छ । जो हालसम्म पनि विद्यमान छन् तर व्यवस्थित र व्यापक रुपले भने नेपालमा पुस्तकालयको विकास २००७ सालको क्रान्तिपछि भएको पाउादछौ भने २००७ सालपछि स्थापना भएका करिब ४०० सार्वजनिक पुस्तकालयहरुले जनतामा शिक्षा प्रचार प्रसार गर्नमा र जनचेतना जगाउने कार्यमा महत्वपूर्ण भूमिका खेल्दै आएकोमा हाल विभिन्न समस्याको साथै उचित संरक्षण, पुस्तकालय संचालन आदिको लागि आयस्रोतको कमि र अन्य विभिन्न समस्याका कारणले ती पुस्तकालयहरु मध्ये नगण्य रुपमा मात्र पुस्तकालयहरु चालु अवस्थामा छन् । स्पष्ट रुपले भन्ने हो भने सबैजसो पुस्तकालयहरु बन्द अवस्थामा छन् । विभिन्न समस्याहरुका वावजुद पनि हालसम्म पनि संचालित हुादै आइरहेका पुस्तकालयहरुमा मासंगल्लीको प्रदिप्त पुस्तकालय, काठमाडौंको रक्तकाली स्थित आशा सफुकूथि, विराटनगरको आदर्श पुस्तकालय, र विगत तीन दशकभन्दा बढी समयदेखि केही उत्साही र समाजसेवी युवकहरुको सहयोगमा दैनिक दुई घण्टा मात्र भएपनि खुल्दै आईरहेको न्हैकन्तलास्थित विप्लवी पुस्तकालय, आदिलाई लिन सकिन्छ भने उचित संरक्षण, तालिम र अनुदानको व्यवस्था नभएमा यी पुस्तकालयहरु पनि पछि गएर बन्द गर्नुपर्ने स्थितिमा पुग्न सक्ने भएकोले अहिले नै यसको संरक्षण र अनुदानको लागि सम्बन्धित निकायले आवश्यक कदम चाल्नु अनिवार्य भैसकेको छ भने पुस्तकालयहरु बीच आपसी सम्बन्ध र सहयोग कायम गर्ने उद्देश्यले स्थापना भएका संघहरुले पनि व्यक्तिगत स्वार्थबाट टाढा रही सार्वजनिक पुस्तकालयको विकासको लागि आवश्यक कार्यक्रम र नीतिहरु तर्जुमा गर्न अत्यावश्यक भैसकेको छ ।